डुङ्गेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः०१ मितिः २०७९/१०/१०

**भाग-१**

डुङ्गेश्वर गाउँपालिका

## डुङ्गेश्वर गाउँपालिका गाउँ प्रहरी ऐन, २०७९

प्रस्तावनाः डुङ्गेश्वर गाउँपालिकामा गाउँ प्रहरीको गठन संचालन व्यवस्थापन र नियमन गर्न नेपालको संविधानको अनुसूची ८ मा रहेको एकल अधिकारलाई कार्यान्वयनका लागी कानून बनाउन वाञ्छनीय भएकोले धारा २२६ ले दिएको अधिकार प्रयोग गरी डुङ्गेश्वर गाउँपालिको १२ औं गाउँ सभाले यो ऐन बनाएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम डुङ्गेश्वर गाउँपालिका गाउँ प्रहरी ऐन २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "ऐन" भन्नाले डुङ्गेश्वर गाउँपालिका गाउँ प्रहरी ऐन २०७९ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले डुङ्गेश्वर गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँ सभा" भन्नाले नेपालको संविधानको धारा २२५ को उपधारा (१) बमोजिमको डुङ्गेश्वर गाउँ सभा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले डुङ्गेश्वर गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले डुङ्गेश्वर गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "उपाध्यक्ष" भन्नाले डुङ्गेश्वर गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय" अधिकृत भन्नाले डुङ्गेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ । सो शब्दले त्यस्तो नियमावली नबने सम्मका लागी यस ऐन बमोजिम कार्य पालिकाले गरेको पटके निर्णयलाई समेत जनाउनेछ ।

(झ) "गाउँ प्रहरी" भन्नाले डुङ्गेश्वर गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई जनाउनेछ ।

(ञ) "समिति" भन्नाले यस ऐन बमोजिम गठित पदपुर्ति समितिलाई सम्झनु पर्दछ ।

परिच्छेद - २

<u>गाउँ प्रहरीको गठन र परिचालन</u>

३. गाउँ प्रहरीको गठनः (१) गाउँपालिकाको नीति कानून मापदण्ड कार्यान्वयन गर्न सुरक्षा संरक्षण व्यवस्थापन नियन्त्रण खोजी उद्धार राहत तथा पुनःस्थापना एवं गाउँ प्रहरीसंग सम्बन्धित अधिकार प्रयोग गरी गाउँपालिकाले तोकेका अन्य कार्य गर्नका लागी एक गाउँ प्रहरी सेवा रहनेछ ।

(२) गाउँपालिकामा रहने गाउँ प्रहरीको पद र तह गाउँ सभाबाट स्वीकृत संगठन संरचना बमोजिम हुनेछ । यसरी स्वीकृत नभएसम्मका लागी कार्यपालिकाले करारमा पदपुर्ति गर्न अस्थायी दरबन्दी सिर्जना गर्न सक्नेछ ।यसरी करारमा पदपूर्ति गर्दा कार्यपालिकाको निर्णय गरेमा कानुन बमोजिम संचालित सेकुरिटी कम्पनीहरुसँग समेत सम्झोता गरी पदपूर्ति गर्न सकिनेछ ।

(३) उपदफा २ बमोजिमको दरबन्दी सिर्जना गर्दा देहाय बमोजिमका पदहरु कायम हुन सक्नेछन ।

(क) गाउँ प्रहरी निरीक्षक

(ख) गाउँ प्रहरी नायब निरीक्षक

(ग) गाउँ प्रहरी सहायक निरीक्षक

(घ) गाउँ प्रहरी हवलदार

(ङ) गाउँ प्रहरी जवान

४. गाउँ प्रहरीको पोषाक र चिन्हः(१) गाउँ प्रहरीको एक छुट्टै पोषाक हुनेछ ।पोषाकमा नेपाल प्रहरीको जस्तै तत् तत् ठाउँमा पद अनुसारको नाम र दर्ज्यानी चिन्ह रहनेछ । निजहरुको पोषाकको पाखुरातर्फ डुङ्गेश्वर गाउँपालिकाको छुट्टै लोगो चिन्ह रहनेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ज्यानी चिन्ह अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. गाउँ प्रहरीको परिचालनः देहायको कार्यमा गाउँ प्रहरी परिचालन गरिनेछ ।

(क) गाउँपालिकाको नीति कानून मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्न,

(ग) गाउँपालकामा हुने महोत्सव सभा समारोह परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) गाउँपालिका भित्रका बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) न्यायीक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(च) सार्वजनिक ऐलानी पर्ती जग्गा सार्वजनिक भवन सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(छ) विपद व्यवस्थापन सम्बन्धी खोजी उद्धार राहत तथा पुनःस्थापना,

(ज) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायको नियन्त्रण र व्यवस्थापन,

(ट) गाउँ सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(ट) कार्यपालिकाले तोकेको अन्य कार्य ।

परिच्छेद - ३

<u>गाउँ प्रहरी व्यवस्थापन</u>

६. गाउँ प्रहरी व्यवस्थानः (१) गाउँपालिकाको स्वीकृत दरबन्दी संरचनाभित्र गाउँ प्रहरी स्थायी नियुक्ति गरी कार्य गराइनेछ ।

(२) गाउँ प्रहरीको नियुक्ति प्रदेश कानून बमोजिम प्रदेश लोकसेवा आयोगको सिफारिसमा हुनेछ ।

(३) यस ऐन बमोजिम रिक्त हुन आउने पदहरुको प्रत्येक वर्ष प्रदेश लोक सेवा आयोगले तोकेको सिमाभित्र रही माग आकृति फाराम भरी पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्ति नभए सम्मको लागी कार्यपालिकाले तोकेको संख्यामा करार सेवामा पदपूर्ति गर्न देहायबमोजिम पदपुर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) जिल्ला प्रहरी कार्यालय वा ईलाका प्रहरी कार्यालयको प्रहरी निरिक्षक वा माथिल्लो श्रेणीको अधिकृत प्रतिनिधी - सदस्य

(ग) गाउँपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य

(५) उपदफा (४) बमोजिमको गाउँ प्रहरी नियुक्ति गर्दा शारिरीक तन्दुरुस्ती परिक्षण लिखित एवं मौखिक परिक्षा गरी खुल्ला प्रतियोगिता द्वारा गरिनेछ ।

(६) परिक्षाको पाठ्यक्रम अंकभार र परिक्षा संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । यसरी नतोकिए सम्मका लागी यस्तो परीक्षा संचालन गर्नुपर्दा नेपाल प्रहरीको समान तत् तत् समान पदको लागि निर्धारित पाठ्यक्रम र परीक्षा प्रणाली अबलम्बन गर्नु पर्नेछ ।

(७) करार सेवामा कार्यरत गाउँ प्रहरीको वार्षिक करार सम्झौता गरी सोही वमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

७. गाउँ प्रहरीको पदपुर्तीको लागी प्रतिशत निर्धारणः(१) खुल्ला प्रतियोगिता द्वारा पदपुर्ति गरिने पदमध्ये कुल रिक्त पदको ४५ प्रतिशत पदहरु छुट्याई सो पदलाई शत प्रतिशत मानी देहायका उमेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपुर्ती गरिनेछ।

(क) महिला - चालिस प्रतिशत

(ख) आदिवासी जनजाती - पच्चिस प्रतिशत

(ग) खस आर्य - बीस प्रतिशत

(घ) दलित - पन्ध्र प्रतिशत

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि आरक्षण पदमा दरखास्त नपरेमा वा उपयुक्त उमेद्वार छनोट हुन नसकेमा त्यस्तो पदसंख्यालाई सोही विज्ञापनको खुलातर्फ परिणत गरी पदपुर्ति गरिनेछ ।

(३) प्रतिशत निर्धारण गर्दा दशमलव पछिको अंकलाई क्रमश तल्लो समूहमा जोड गरी मिलान गरिनेछ ।

८. गाउँ प्रहरीको योग्यताः (१) यस ऐन बमोजिम स्थायी वा करार पदपुर्तिको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) उमेर तथा शैक्षिक योग्यता

| सि नं | पद | उमेर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | गाउँ प्रहरी निरीक्षक | २१ वर्ष पुरा भई २८ वर्ष ननाघेको | स्नातक वा सो सरह |
| २ | गाउँ प्रहरी नायब निरीक्षक | बढुवाबाट मात्र पदपुर्ति गरिने | |
| ३ | गाउँ प्रहरी सहायक निरीक्षक | १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको | दश जोड दुई वा सो सरह |
| ४ | गाउँ प्रहरी हवलदार | १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको | एसईई वा सो सरह |

| | | | |
|---|---|---|---|
| ५ | गाउँ प्रहरी जवान | १८ वर्ष पुरा भई २१ वर्ष ननाघेको | कक्षा ८ उत्तीर्ण |

(ख) यस दफा बमोजिम पदपुर्ति गर्दा भुतपूर्व प्रहरीबाट पदपुर्ति गर्ने भनी कार्यपालिकाले निर्णय गरेको खण्डमा गाउँ प्रहरी निरीक्षक, नायब निरीक्षक, सहायक निरिक्षक पदको लागी अधिकतम ५० वर्ष र हवलदार तथा जवान पदको लागि उमेर हद अधिकतम ४० वर्ष हुनेछ ।तर ५८ वर्ष पुगेमा स्वतः सेवाबाट अलग हुनेछ ।

(घ) भूतपूर्व सेवाबाट पूर्ति गरिने पदमा शैक्षिक योग्यता लागु हुने छैन ।

(२) देहायको व्यक्ति यस ऐन बमोजिम गाउँ प्रहरी सेवाका लागि योग्य हुनेछैन ।

(क) गैर नेपाली नागरिक,

(ख) कुनैपनि राजनितिक दलको सदस्य रहेको,

(ग) नैतिक पतन देखिने गरी कुनै फौजदारी अभियोगमा सजाय पाएको,

(घ) तोकिएबमोजिमका वा सूचना प्रकाशन गर्दा तोकेका अन्य अयोग्यता ।

९. गाउँ प्रहरीको सेवा सुविधाः(१) यस ऐन बमोजिम नियुक्त गाउँ प्रहरीले तोकिए बमोजिमको तलब भत्ता, पोषाक, राशन खर्च एवं अन्य सेवा सुविधा नियुक्ति भएको मितिबाट पाउनेछ ।त्यसरी नतोकिए सम्म कार्यपालिकाले निर्णय गरे बमोजिमको सेवा सुविधा प्रदान गरिनेछ ।

१०. पदपुर्ति समितिको काम कर्तव्य र अधिकारः- (१) पदपुर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस ऐन बमोजिम प्रतिशत निर्धारण गर्ने ।

(ख) पाठ्यक्रम तर्जुमा हेरफेर तथा परिमार्जन गर्ने ।

(ग) पदपुर्ति कार्यतालिका बनाउने ।

(घ) विज्ञापन प्रकाशन गर्ने

(ङ) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परिक्षाको लागी संख्या निर्धारण गरी  नतिजा प्रकाशन गर्ने ।

(२) पदपुर्तिको सूचना १५ दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(३) नयाँ नियक्ति हुने गाउँ प्रहरीलाई कम्तिमा १५ दिनको तालिम दिई कामकाजमा खटाइने छ ।

(४) तालिमको पाठ्यक्रम र विधि तोकिएबमोजम हुनेछ । यसरी नतोकिदा सम्म जिल्ला प्रहरी कार्यालय वा ईलाका प्रहरी कार्यालयमा अनुरोध गरी तालिम संचालन गरिनेछ ।यसरी तालिम संचालन गर्दा लागेको खर्च गाउँपालिकाले व्यहोर्नेछ ।

(५) पदपुर्तिको लागी अतिरिक्त योग्यता जस्तै कम्प्युटर सीप सवारी चालक अनुमति पत्र स्थानीय वापत र माथिल्लो योग्यता लगाएतका विषय तोक्न सकिनेछ ।

(६) गाउँ प्रहरीको पोषाकको रंग किसिम र अन्य विवरण तोकिए बमोजिम वा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५

## विदा सम्बन्धी व्यवस्था

११. विदा सम्बन्धि व्यवस्थाः(१) गाउँ प्रहरी कर्मचारीलाई देहाय बमोजिम विदा उपलब्ध हुनेछ ।

(क) स्थायी गाउँ प्रहरीको हकमा गाउँपालिकामा कार्यरत अन्य कर्मचारीले प्राप्त गर्ने विदाको अतिरिक्त तोकिए बमोजिम थप सट्टा विदा उपलब्ध गराइनेछ ।

(ख) करार गाउँ प्रहरीको हकमा सोही करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

(ग) विदा दिने कर्मचारीले आफ्नो मातहतका सबै गाउँ प्रहरीको विदाको अभिलेख खडा गरी लगत राखे र प्रशासन

शाखालाई ७ दिनभित्र अनिवार्य रुपमा लिखित जानकारी दिनु पर्नेछ ।

## परिच्छेद- ६

## कसूर तथा सजाय

१२. कसुर तथा सजायः (१) गाउँ प्रहरीले नाजायज फाईदा लिने गरी वा आफूलाई मात्र फाईदा पुग्ने किसिका कुनै काम गरेमा प्रचलित कानून बमोजिम कूर मानि सजाय हुनेछ ।कसूर हेरी नसिहत दिने, तलब बृद्धि रोक्का गर्ने, वा बढुवा रोक्का गर्ने, घटुवा गर्ने, लापरवाही गरी हानी नोक्सानी भएको सम्पूर्ण क्षति तलब भत्ताबाट कट्टी गरी असुल उपर गर्ने, भविष्यमा डुङ्गेश्वर गाउँपालिकाको कुनै पनि सेवामा अयोग्य हुने गरी नोकरीबाट बर्खास्त गरिनेछ ।

(२) गाउँ प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।सजायको आदेश दिनु अघि कार्वाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिईनेछ ।

(३) गाउँ प्रहरीले देहाय बमोजिमको कसूर गरेमा सेवाबाट बर्खास्त गरिनेछ

(क) पदिय जिम्मेवारी पुरा नगरेमा

(ख) राजनितिमा लागेमा

(ग) राजिनामा दिएमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा

(ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी आएमा ।

## परिच्छेद -७

## विविध

१३. संशोधनः यस ऐनको आवश्यक संशोधन डुङ्गेश्वर गाउँसभाले गर्न सक्नेछ ।

१४. नियम तथा कार्यविधि बनाउन सक्नेः (१) यस ऐन बमोजिम गाउँ कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) यस ऐनमा तोकिए बमोजिम भनिएको विषयमा नियमावली नबने सम्मको लागि कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची- १ (दफा ४ को उपदफा २ संग सम्बन्धीत)

गाउँ प्रहरीको दर्ज्यानी चिन्ह देहाय बमोजिम हुनेछ।

| सि नं | पद | दर्ज्यानी चिन्ह |
|---|---|---|
| १ | गाउँ प्रहरी निरीक्षक | कुममा खुकुरी र डण्डा क्रस |
| २ | गाउँ प्रहरी नायब निरीक्षक | कुममा दुई तारा |
| ३ | गाउँ प्रहरी सहायक निरीक्षक | कुममा एक तारा |
| ४ | गाउँ प्रहरी हवलदार | कुममा तीन धर्का |
| ५ | गाउँ प्रहरी जवान | कुममा फिता मात्र |

आज्ञाले,

प्रेम बहादुर डि.सी.

प्रमुख प्रशासकीय अधिकृत